# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०२।०८ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

नापी कार्यालय, साँखु, काठमाडौंका कार्यालय प्रमुख, नापी अधिकृत भागवत साहले गोकर्णेश्वर न.पा. वडा नं. २ स्थित नयाँपाटीमा रहेको जग्गा कित्ता काट गरिदिएवापत सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले सोही कार्यालयमा करारमा कार्यरत कार्यालय सहयोगी खेमराज भण्डारी मार्फत निज नापी अधिकृत भागवत साहलाई रु.२,५०,०००/-(दुई लाख पचास हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुदाँ निज प्रमुख नापी अधिकृत भागवत साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.२,५०,०००/- (दुई लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र कार्यालय सहयोगी (करार) खेमराज भण्डारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.२,५०,०००/- (दुई लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता